


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ९५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ वैशाख ६ गते मंगलबार ❑ 19 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## निर्वाचनको माहोल बनाउन अध्यक्ष दाहालको आग्रह

रासस
काठमाडौं, ५ वैशाख

नेकपा (माओवादी केन्द्र)ले देशमा स्थापित सङ्घीय लोकतान्त्रिकगणतन्त्र,सङ्घीयता, धर्मनिरपेक्षता, समावेशी समानुपातिक प्रतिनिधित्व आफ्नो एजेण्डा भएकाले नेपाली जनताले पुनः साथ दिने विश्वास व्यक्त गरेको छ।

जनयुद्ध र जनआन्दोलनको बलमा स्थापित परिवर्तनका कार्यसूचीलाई पूर्णता दिन पनि नेपाली जनताले आफूहरुलाई नै पुनः विश्वास गर्ने माओवादीको दाबी छ। स्थानीय निर्वाचनमा पाँच दलीय गठबन्धनका बीचमा साझा उम्मेदवार टुङ्गो लगाउने चटारोका बीचमा माओवादीको केन्द्रीय प्रचार विभागले पार्टी कार्यालयमा पत्रकार सम्मेलन आयोजना गरेको थियो।



पत्रकार सम्मेलनमा पूर्व प्रधानमन्त्रीसमेत रहनु भएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले केही महत्वपूर्ण सन्देश मतदातालाई दिन खोज्नु भएको थियो। उहाँले गठबन्धन परिवर्तनकारी एजेण्डाको रक्षाका लागि स्थापना भएको, निर्वाचन सविधानको कार्यान्वयनका लागि आवश्यक रहेको तथा पूर्वमाओवादी घटक एक ठाँउमा आउन लागेका लगायत पाँच सन्देश दिन खोज्नुभयो।

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले दुई दुई पटक प्रतिनिधिसभा विघटन गरेपछि संविधानको रक्षाका खातिर पाँच दलीय गठबन्धन निर्माण भएको अध्यक्ष दाहालको भनाइ छ। स्थानीय निर्वाचनमा संविधानको रक्षामा सामेल भएका दलहरुका बीच साझा मत कायम गरेर अघि बढ्ने भन्दै छलफल जारी छ।

साझा उम्मेदवार चयन गर्न छलफलमा जुटेका दलहरुबीच समान धारणा बन्न सकिरहेको छैन। अध्यक्ष दाहाल भन्नुहुन्छ, "एउटै दलभित्र सहमति जुटाउन गाह्रो भएकाले पाँच दलबीच सहमति जुटाएर साझा उम्मेदवार चयन गर्न समय लाग्नु स्वभाविक हो।"

## 'विपद न्यूनीकरणमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्छ'

पोखरापत्र संवाददाता
पोखरा, ५ वैशाख

मुलुकमा हुने सबैखाले विपदको न्यूनीकरणका लागि तीनै तहका सरकार जिम्मेवार भएर लाग्नुपर्नेमा सोमबार यहाँ आयोजित कार्यक्रममा जोड दिइएको छ।

गण्डकी प्रदेशस्तरीय 'विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन' विषयक अभिमुखीकरण तथा अन्तरक्रियाका वक्ताहरुले विपद जोखिमका दृष्टिले नेपाल संवेदनशील रहेको उल्लेख गर्दै सम्भाव्य जोखिमप्रति सचेत बन्नुपर्ने आवश्यकता औंल्याउनुभयो। गण्डकी प्रदेशका प्रमुख सचिव रविलाल पन्तले विपद न्यूनीकरण र व्यवस्थापनमा प्रदेश सरकार जिम्मेवार बन्दै आएको बताउनुभयो। प्रदेश सरकारले सुरक्षा निकायलाई आवश्यक उद्धार सामग्री खरिद गरेर वितरण गर्दै आएको बताउँदै उहाँले पछिल्लो समय विपद एवं दुर्घटनामा हेलिकप्टर उद्धारलाई समेत जोड दिएको स्पष्ट पार्नुभयो। कुनै पनि घटनामा मानवीय र अन्य क्षति कम गर्नका लागि पहिलो पहल हुनुपर्ने भन्दै उहाँले विपदमा राहत वितरण एकद्धार प्रणालीबाट गरिने विश्वास दिलाउनुभयो। आन्तरिक मामिला मन्त्रालयका सचिव बद्री अधिकारीले विकास निर्माणका कारण कतिपय विपद निम्त्याउने गरेको बताउँदै त्यस्ता विपद हुन नदिन विकास योजना तर्जुमा गर्दा सचेत हुनुपर्नेमा जोड दिनुभयो। कास्कीका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद व्यवस्थापन समितिका संयोजक जयनारायण अर्यालले विपद न्यूनीकरण तथा उद्धार र राहत वितरणमा जनताको नजिकको सरकार स्थानीय तहलाई जिम्मेवार बनाउनुपर्ने बताउनुभयो।राष्ट्रियविपद्‌जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक अनिल पोखरेलले बाढी पहिरो, आगलागी, चट्याङका कारण ठूलो जनधनको क्षति हुने गरेको उल्लेख गर्दै विपदका अवस्थामा तीनै तहका सरकार संवेदनशील भएर उद्धार र राहत वितरणमा जुट्नुपर्ने आवश्यकता औंल्याउनुभयो। कार्यक्रममा विपद न्यूनीकरण, मुलुकमा विपदको अवस्था र यसबाट बचाउन सकिने उपाय, उद्धार, राहत वितरणलगायत आवश्यकतानुसार आवासको व्यवस्था, पूर्व सूचना प्रणालीका बारेमा छुट्टाछुट्टै पाँच वटा अवधारणा पत्र प्रस्तुत गरिएको थियो। सो अवसरमा तीन वटै सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधि, विभिन्न पालिकाका प्रमुख प्रशासकीय अधिकृत, सञ्चारकर्मीलगायत सरोकारवालाको सहभागिता थियो।

## समाजका सबै समुदायको समुचित विकास हुन आवश्यक छः मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, ५ वैशाख

गण्डकी प्रदेश सरकारका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले समाजका सबै समुदायको समुचित विकास हुन आवश्यक भएको बताउनु भएको छ। पोखरा १८ को सिमाना मार्ग आर्दश बस्ती सहितको सडक बाटो सोमबार अवलोकन गर्दै मन्त्री बरालले हरेक समाजको समुचित विकास हुनु पर्नेमा जोड दिनु भएको हो।

कुनै मसाजमा एक/दुई जना धनि हुदैमा समाजका सबै धनि हुन नसक्ने बताउदै मन्त्री बरालले समाजका सबै मानिसहरु स-सम्मान पूर्वक बाच्न पाउने बनाउनु पर्ने उल्लेख गर्नु भयो। उहाँले भन्नुभयो "घर अगाडी चिल्लो बाटो, घर भित्रै धारा जडान भएको छ तर त्यो समाजमा मानिस अपमानित र हेपिएको छ भने बास्तवमा भित्रबाटै न्याय भएको महसुस हुदैन।" माओवादी केन्द्रका नेता समेत रहनु भएको मन्त्री बरालले सामाजिक न्याय सहितको विकास आवश्यक भएको बताउनु भयो। जहाँ पहुच छ त्यहाँ मात्र बढी विकास भएको



नेपालको परम्परा रहेको उहाँको भनाई थियो। चुनावको मुखमा विकासको नाममा विभिन्न ललिपप आउने हुदा त्यस तर्फ मतदाता अब सर्तक हुनुपर्ने मन्त्री बरालको भनाई थियो। माओबादी केन्द्र पोखरा १८ का पुर्व अध्यक्ष एवं पोखरा १८ का प्रत्यासि वडा अध्यक्ष राजु तिमिल्सिनाले न्यान सहितको अधिकार प्रदान गर्न आफ्नो स्थानिय तहको निर्वाचनमा आफ्नो उमेदवारी भएको बताए। सराङकोटमा खानेपानी समस्या समाधनको लागि मन्त्री बरालको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्दै तिमिल्सिनाले हाल केही छुट पुट बस्तीमा पानी विरतणमा केही समस्या भएको बताए।

माओबादी केन्द्रका युवा नेता युवराज खतिवडाले उक्त सडक सहितको खोलामा तारजाली लगाउन व्यक्तिगत रुपमा एक लाख सहयोग गर्ने घोषणा सहित बाँकी थप सहयोग उपलब्ध गराउन पहल गर्ने जनाउनु भयो। माओबादी केन्द्र पोखरा १८ का अध्यक्ष पुर्णाखर तिमिल्सिनाले आफ्नो पार्टीले गरिब तथा विपन्न बर्गको पक्षमा वकालत गर्दै आएको बताए।

## जीप दुर्घटना मृत्यु हुनेको सङ्ख्या छ पुग्यो

पोखरापत्र संवाददाता
वालिङ, ५ वैशाख

स्याङ्जाको वालिङ-१२ डाँडाखर्क फिरफिरेमा जीप दुर्घटनामा परी मृत्यु हुनेको सङ्ख्या ६ पुगेको छ।

उक्त दुर्घटनामा परी गम्भीर घाइते भएका वालिङ-१२ डाँडाखर्कका ५० वर्षीय अङ्गबहादुर डालाको उपचारका क्रममा सोमबार बिहान गण्डकी मेडिकल कलेज पोखरामा मृत्यु भएसँगै मृतकको सङ्ख्या ६ पुगेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रवक्ता पदमराज थापाले जानकारी दिनुभयो।

अन्य पाँचजनाको गण्डकी मेडिकल कलेज पोखरामा उपचार भइरहेको छ। दुर्घटनामा परी मृत्यु हुने सबै एउटै गाउँका हुन्। मृत्यु हुने र घाइते हुने सबै एउटै गाउँका भएका कारण अहिले गाउँ शोकमा डुबेको छ।

वालिङ नगरपालिका-१२ डाँडाखर्कबाट बायँटारी आउँदै गरेको ग१ज ७३९९ नंको जीप आइतबार बिहान फिरफिरेमा दुर्घटनामा परेको थियो। जीप ग्रामीण कच्ची सडकबाट झन्डै दुई सय मिटर तल खसेको थियो।

## एकानब्बे आरोही समूहका ७४० आरोहीलाई हिमाल आरोहण अनुमति

रासस
काठमाडौं, ५ वैशाख

यस वर्षको वसन्त ऋतुमा पर्वतारोहणका लागि हालसम्म ९१ आरोही समूहका ७४० आरोहीले आरोहण अनुमति लिएका छन्।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागका अनुसार वैशाख ४ गतेसम्म सर्वोच्च शिखर सगरमाथा (८,८४८.८६ मिटर) सहित विभिन्न २२ हिमाल आरोहणका लागि आरोहण अनुमति जारी गरिएको हो। हालसम्म सगरमाथा हिमाल आरोहणका लागि सर्वाधिक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखराको सेती खोंचमाथि बहस

पोखरापत्र संवाददाता
पोखरा, ५ वैशाख


पोखराको भूगर्भबाट बग्ने चर्चित सेती नदीलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिने यहाँ आयोजित एक अन्तर्क्रिया कार्यक्रमका वक्ताले बताएका छन्।

पोखराको युनाइटेड क्लबले आफ्नो १२ औं वार्षिकोत्सवका अवसरमा आयोजना गरेको 'पोखरामा सेती खोंच एक पर्यटकीय गन्तव्य' विषयक अन्तर्क्रिया कार्यक्रम सहभागी वक्ताले सेती गल्छीलाई एक साहसिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिने सम्भावनाकाबारेमा जोड दिएका हुन्। बहसमा भूगोलविद् प्रा डा कृष्णकेसीलेअन्नपूर्णहिमालदेखि तनँहुको भिमादसम्मको वृत्तचित्र प्रस्तुत गर्दै सेती गल्छीलाई साहसिक पर्यटकीय गन्तव्यका रुपमा विकास गरी उक्त ठाउँलाई भूगोलका विद्यार्थीलाई अध्ययन केन्द्रका रुपमा विकास गर्न सकिने धारणा राख्नुभयो। भूगर्भबाट सुस्ताइरहेको सेतीले पर्यटकको ध्यानाकर्षण गर्न सक्ने जनाउँदै क्लबले सेती गल्छीका बारेमा चासो राखेर अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्नु निकै सकरात्मक भएको बताउनुभयो।

वातावरणविद् एवं राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त योजनाका सदस्य जुद्धबहादुर गुरुङले सेती नदीको गल्छीले पर्यटकीय गन्तव्य बन्नसक्ने जनाउँदै क्लबको पहलमा छिट्टै एक साहसिक पर्यटकीय गन्तव्य बन्नेमा विश्वस्त रहेको बताउनुभयो। उहाँले आफ्ना तर्फबाट गर्नुपर्ने सहयोगका लागि प्रतिबद्धतासमेत जनाउनुभयो। उहाँलेकोरोनालेसुस्ताएकोपर्यटन क्षेत्रलाई उकास्न यस्ता पर्यटकीय सम्भावना बोकेका चर्चित स्थानको खोजी गरेर प्रवर्द्धन गर्न आवश्यक रहेको बताउनुभयो। क्लबका संस्थापक अध्यक्ष हिमालय बखेलले युनाइटेड क्लबको पहलमा पोखरामा खुल्ला चिडियाखाना निर्माणको कार्य सुरु भइसकेको र हाल निर्माणकार्य जारी भइरहँदा क्लबले लिएको अर्को उद्देश्य सेती नदी संरक्षणसँगै नदीलाई एक उत्कृष्ट पर्यटकीय गन्तव्य निर्माण गर्नका लागि सानो पहलकदमी थालनीस्वरुप कार्यक्रमको आयोजना गरिएको बताउनुभयो। पोखरालाई उत्कृष्ट पर्यटकीय शहरका रुपमा विकास गर्न युनाइटेड क्लबले आफ्नो ठाउँबाट विभिन्न गतिविधि गर्दै आएको उहाँको भनाइ थियो। उहाँले आगामी दिनमा पोखराको बीच भागबाट बग्ने सेती नदीलाई उत्कृष्ट पर्यटकीय गन्तव्य निर्माण गर्न आफूहरुले पहल गर्ने र सम्बन्धित निकायसँग समन्वय गरेर अघि बढ्ने जानकारी गराउनुभयो। क्लबका अध्यक्ष राजु श्रेष्ठले क्लबले चिडियाखानालाई प्रक्रिया पूरा गरी प्रदेश सरकारलाई जिम्मा दिएपश्चात् डिभिजन वन कार्यालयको मातहतबाट सञ्चालनको कार्य भएको जनाउँदै सेती खोंचलाई पनि यसको सम्भाव्यता अध्ययन गरी एक साहसिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने क्लबको उद्देश्य रहेको बताउनुभयो।

अन्नपूर्ण हिमालबाट बग्दै आएको उक्त नदी पोखराको बीचभागबाट कतै लुक्दै त कतै देखिदै बग्दाको दृश्य निकै सुन्दर देखिन्छ। देवघाटको त्रिशूलीमा विलिन हुने यस खोंचलाई विभिन्न साहसिक गतिविधि सञ्चालन गरेर पर्यटकीय गन्तव्य बनाउन सकिने सम्भावनाबारेमा बहस भएको क्लबका सचिव दिनेश सुनारले जानकारी दिनुभयो।

प्रा डा इन्द्र तिवारी, प्राडा कृष्णप्रसाद पौडेल, भूगर्विद् सोमनाथ सापकोटा, सहप्राध्यापक रामजी पोखेल, नागरिक समाजका अभियानकर्मी रामबहादुर पौडेल, युवा व्यवसायी तथा पर्यटनकर्मी अनिल थापा, गणेश तिमिल्सिनालगायतले सेती खोंचका विषयमा आफ्नो धारणा राख्नुभएको थियो।



# नाईन ए साईड भेट्रान फुटबलको फाईनल मंगलबार

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ बैशाख**

युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा जारी राष्ट्रिय नाईन ए साईड भेट्रान फुटबल प्रतियोगितामा सोमबार दुई सेमिफाईनल खेल सम्पन्न भएको छ। मंगलबार फाईनल खेल हुने छ।

सोमबार पोखरा रंगशालामा भएको पहिलो सेमिफाईनलमा संगमी बीले विजयी हासिल गरेको छ। संगम बीले पोखराकै बगर भाइखलकलाई ३-१ गोलले पराजित गरेको थियो। संगमका लागि नरेन्द्रजंग गुरुङले दुई तथा लालबहादुर खत्रीले एक गोल गरे। खत्रीको १९ औं मिनेटमा गरेको गोलबाट अग्रता लिएको संगमले ४३ र ४९ औं मिनेटमा नरेन्द्रको दुई गोल गरेपछि फाईनल पुगेको हो। बगर भाइखलकका लागि मनोज गुरुङले २७ औं मिनेटमा एक गोल फर्काएका थिए। नरेन्द्र प्लेयर अफ दि म्याच घोषित भए। यसैगरी दोस्रो सेमिफाईनलमा सानो गौचरनले चितवनलाई पराजित गरेको हो। सानो गौचरनले चितवन भेट्रानमाथि ३-०ले पन्छाउँदै फाईनल सुरक्षित बनायो।

तेजबहादुर गलामीले २२ औं मिनेटमा गोल गर्दै दिलाएकोअग्रतामा शुक्रले ३८ र ४९ औं मिनेटमा थप दुई गोल गर्दै संगमीसँग उपाधि प्रतिस्पर्धा निश्चित बनाएका हुन्। उनी प्लेयर अफ दि म्याच घोषित भए। प्रतियोगितामा विजेता टोलीले नगद ३ लाख राशी सहित ट्रफी प्राप्त गर्ने छ। उपविजेताले १ लाख ५० हजार प्राप्त गर्ने छन्। प्रतियोगिताका संयोजक दिलबहादुर गुरुङले जानकारी दिएको जानकारी अनुसार सर्वोत्कृष्ठ खेलाडीले नगद २० हजार प्राप्त गर्ने छन्। उत्कृष्ठ स्ट्राईकर, सर्वाधिक गोलकर्ता, मिडफिल्डर, डिफेण्डर र गोलकिपरले नगद १५ हजार रुपैयाँ प्राप्त गर्ने संयोजक गुरुङले बताए। सोमबार भएको दुई सेमिफाईनलिष्ट टोली नगद ३०/३० हजार रुपैयाँ प्राप्त गरे।

# नाट्टा गण्डकी प्रदेशमा अधिकारी

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ बैशाख**

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्टस( नाट्टा) गण्डकी प्रदेशको २७ औँ साधारणसभा तथा १२ औँ अधिवेशनले हरिराम अधिकारीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

कार्यसमितिको प्रथम उपाध्यक्षमा किशोर दाहाल, द्वितीय उपाध्यक्षमा कमला गिरी, महासचिवमा सङ्गीता पौडेल, सचिवमा चेतन कार्की र कोषाध्यक्षमा नवराज भण्डारीलाई चयन गरिएको छ। समितिका सदस्यहरूमा क्रमशः ताराप्रसाद गौतम, सन्दिप श्रेष्ठ, सुशिला सिग्देल, खिमबहादुर नेपाली, लिलाबल्लभ पोखरेल, रत्नराज रेग्मी र तुलबहादुर गुरुङलाई चयन गरिएको छ। समितिको कार्यकाल दुई वर्षको हुनेछ।

यसअघि अधिवेशनको उद्धाटन गर्दै गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले पर्यटन समृद्धिको महत्वपूर्ण आधार भएको बताउनुभयो। नाट्टा गण्डकी प्रदेशका अध्यक्ष सञ्जयकान्त सिग्देलले संस्थाले पर्यटन प्रवर्द्धनसँगै विभिन्न सहरबीचको आपसी सम्बन्ध विस्तारलगायत काम गरेको बताउनुभयो।

# व्युटिपार्लर एसोसिएसन गण्डकीको अध्यक्षमा अध्यक्षमा रुपकला

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ बैशाख**

व्युटिपार्लर एसोसिएसन गण्डकी प्रदेशको प्रथम अध्यक्षअधिवेशनबाट अध्यक्षमा रुपकला श्रेष्ठ निर्वाचित भएकी छन्।

हालै सम्पन्न एशोसियसनको दोश्रो साधारण सभा तथा प्रथम अधिवेशनले श्रेष्ठको अध्यक्षतामा नया कार्यसमिति गठन गरिएको हो। जस अन्तर्गन समितिको वरिष्ठ उपाध्यक्षमा दुर्गा थापा अर्याल, उपाध्यक्षमा सोमना श्रेष्ठ, महासचिवमा बबिता केसी कार्की, उपमहासचिवमा माया विश्वकर्मा, कोषाध्यक्षमा सावित्री श्रेष्ठ निर्वाचित भएका छन भने सदस्यमा पुष्पा पौडेल, निशु अधिकारी, सपना श्रेष्ठ, नेहा घताने, मञ्जु अधिकारी, शिला कार्की, भीमा गुरुङ, कामना गुरुङ, रिता कार्की चयन भएका छन।



सोही अधिवेशनबाट व्युटीपार्लर एसोसियसन कास्कीको पनि नया कार्यसमिति चयन गरिएको छ। व्युटीपार्लर एसोसिएसन कास्कीको अध्यक्षमा सुस्मा गुरुङ, उपाध्यक्षमा टेकमाया गुरुङ, सचिवमा छायाँ ढकाल, कोषाध्यक्ष सुनिता गुरुङ, सहसचिव शिशीर गोदार रहेका छनभने सदस्यमा हिमानी गुरुङ, शान्ता लामिछाने, प्रभा वैद्य, बुद्ध गुरुङ, पूर्ण कला गुरुङ, सुशीला केसी चयन भए। अधिवेशन पूर्व कार्यक्रमको उद्घाटन गर्दै पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष पवन प्रजापतीले सौन्दर्य व्यवसायीलाई पोखरा उद्योग वाणिज्य संघले अन्य बस्तुगत संघसंस्थालाई जस्तै प्राथमिकतामा राख्ने बताए। विशेष अतिथि घरेलु तथा साना उद्योग महासंघ महिला समिति गण्डकीका अध्यक्ष एवं व्युटीपार्लर एसोसिएसनका वरिष्ठ सल्लाहकार चिनु गुरुङले पोखरामा ३ दशकसम्ममा आफूले उत्पादन गरेका सौन्दर्य व्यवसायीहरुलाई पेशागत हकहित, अधिकारसम्पन्न बनाउँदै एउटै छातामुनी राख्न सफल हुँदा खुसी लागेको बताइन्। व्यवसायलाई आधुनिक र व्यावसायिक बनाउँदै अगाडि बढ्न आवश्यक रहेको उनको धारणा रहेको थियो। नवनिर्वाचित प्रदेश र जिल्ला कार्यसमितिले आगामी दिनमा व्यावसायिक हकहितका क्षेत्रमा काम गर्नुपर्नेमा उनले जोड दिइन्।

कार्यक्रममा कस्मेटिक व्यवसायी संघका महासचिव सरु बराल, नेपाल व्युटिसियन संघ गण्डकी प्रदेश एवं व्युटिपार्लर एसोसिएसनका संस्थापक अध्यक्ष कल्पना कोइराला, नाइ संघ कास्कीका अध्यक्ष विगुलाल ठाकुर, पोखरा उद्योग वाणिज्य संघ महिला उद्यमी विकास समितिका संयोजक मुना बास्तोला लगायतले मन्तब्य राखेका थिए।

एसोसिएसनका निबर्तमान अध्यक्ष सुनिता अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव बबिता केसी कार्कीले गरेकी थिइन्। सोही अवसरमा लक्ष्मी बैंक लि.सँगको सहकार्यमा वित्तीय साक्षरता कार्यक्रमसमेत सम्पन्न भएको थियोभने कारभानल कम्पनीको तर्फबाट कम्पनीका व्यवस्थापक एवं टेक्निसियन टंकप्रसाद तिमिल्सिनाले हेयर कलरको डेमो प्रदर्शनी समेत गरेका थिए।

# छ्यालिस जिल्लाका लागि ९५ लाख २५ हजार थान मतपत्र छपाइ

**रासस**
**काठमाडौं, ५ बैशाख**

निर्वाचन आयोगले आगामी स्थानीय तह निर्वाचनका लागि हालसम्म ४६ जिल्लाको ९५ लाख २५ हजार थान मतपत्र छपाइ सकेको छ।

यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि एक करोड ९४ लाख थान मतपत्र आवश्यक पर्नेमा आजसम्म उक्त सङ्ख्यामा मतपत्र छापिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो। स्थानीय तह निर्वाचन आचारसंहिता उल्लङ्घन भएको भन्ने समाचार र सूचनाका आधारमा आयोगले विभिन्न राजनीतिक दल र सम्बन्धित नेतासँग चित्तबुझ्दो जवाफ पेस गर्न पत्राचार गरेको बताइएको छ। निर्वाचनलाई अपाङ्गमैत्री बनाउने र मतदानमा प्राथमिकता दिने विषयलाई आयोगले विशेष ध्यान पुऱ्याउने बताउँदै प्रवक्ता पौडेलले निर्वाचन सामग्री व्यवस्थापनका कारण अब निर्वाचनमा बाधा नपुग्ने स्पष्ट पार्नुभयो। सामान्य प्रशिक्षण कार्य खर्चबाहेक यस पटकको स्थानीय तह निर्वाचन आफ्नै आर्थिक स्रोतबाट सम्पन्न गर्न लागेको सो अवसरमा जानकारी दिइयो। मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयले निर्वाचनसम्बन्धी काममा एकरूपता कायम गर्न आयोगले ७७ वटै मुख्य निर्वाचन अधिकृत र ६७६ वटै निर्वाचन अधिकृतको कार्यालयले प्रयोग गर्ने साइनबोर्ड, लेटरहेड र छापको नमुना प्रदेश निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालयमार्फत पठाउन पत्राचार गरेको छ।

निर्वाचन आयोगले स्थानीय तह निर्वाचनसम्बन्धी सम्पूर्ण गतिविधि र सूचनाको सहजरूपमा जानकारी दिन यही वैशाख १ गतेदेखि हरेक दिन प्रकाशन गर्दै आएको 'स्थानीय तह निर्वाचन ई-बुलेटिन' आयोगको वेबसाइटमा उपलब्ध छ।

# मनाङबाट...

३२ आरोही समूहका २६२ आरोहीले अनुमति लिएका छन्। विभागको पर्वतारोहण शाखाको तथ्याङ्कमा अहिलेसम्म सगरमाथा आरोहणका लागि मात्रै ३२ समूहका २६२ आरोहीले अनुमति लिएका छन्। त्यस्तै, माउन्ट ल्होत्से (८,५१६ मिटर) आरोहणका लागि १० समूहका ९४ आरोहीले अनुमति लिएका छन्।

अमादब्लम (६,८१४ मिटर) आरोहणका लागि छ समूहका ६५ आरोहीले अनुमति पाएका छन्। कञ्चनजङ्घा (८,५८६ मिटर) आरोहणका लागि छ समूहका ६७ आरोहीले अनुमति लिएका छन्। नुप्त्से (७,८५५ मिटर) मा पाँच समूहका ३८ आरोही छन्।

त्यसैगरी अन्नपूर्ण (८,०९१ मिटर) आरोहणका लागि चार समूहका २६, धौलागिरि (८,१६७ मिटर) आरोहणका लागि दुई आरोही समूहले आरोहण अनुमति लिएका छन्। मिलुङ्ग चुलीका लागि दुई, भेम्दोङ्ग, गङ्गापूर्ण र थापा पिकका लागि तीन आरोही समूहले आरोहण अनुमति लिएको विभागको पर्वतारोहण शाखाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। हिमाल आरोहणबाट हालसम्म रु ३९ करोड ५२ लाख ३१ हजार ५२ रोयल्टी उठेको छ।


**हावाहुरीबाट बचौं र बचाऔं।**

**हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतमा गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


# हृदयको आवाजले दियो कार्यक्रम सञ्चालन सम्बन्धी तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ बैशाख**

हृदयको आवाज कास्कीको आयोजनामा महिलाहरुका लागि ३ दिवसीय उद्घोषण तथा कार्यक्रम सञ्चालन सम्बन्धि तालिम गरिएको छ।

पोखराको बाटुलेचौरमा रहेको कालिका बहुदेस्यीय सभाहलमा बैसाख २ गतेदेखि ५ गतेसम्म भएको उक्त तालिममा विभिन्न आमा समुहमा आवद्ध ३० जना महिलाहरुको सहभागिता थियो। तालिमको समापनका



अवसरमा बोल्दै हृदयको आवाज कास्कीका अध्यक्ष शारदा बस्नेतले महिलाहरुलाई सक्षम ढंगले कार्यक्रम सञ्चालनबारे जानकारी दिन र बोल्ने कलाको थप विकास गर्न संस्थाले तालिम आयोजना गरेको बताउनुभयो। कार्यक्रममा बोल्दै सहभागीहरु मध्येकी नारायणी बस्नेतले मञ्चमा उभिएर बोल्दा निकै डर लाग्ने गरेको भएपनि ३ दिनको तालिमले आफूहरुमा आत्मविश्वास बढेको बताउनुभयो। तालिममा सहभागीहरुले आगामी दिनमा सफल उद्घोषक बन्ने अठोट व्यक्त गरे।तालिममा थ्रि एन्जल्स रेडियोका कार्यक्रम व्यवस्थापक जीवन सुवेदीले सहजीकरण गरेका थिए। तालिमपछि सहभागिताको प्रमाणपत्र वितरण गर्दै प्रशिक्षक सुवेदीले सिकाइलाई व्यवहारिक प्रयोगमा ल्याउन आग्रह गर्दै सबै सहभागीहरूलाइ सफलताको शुभकामना व्यक्त गरे।


**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।**

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# कांग्रेसको गुट झगडामा पोखरा

सत्ता गठबन्धनमा रहेका दलहरूबीच तालमेलको सकस परेको छापाँच दलबीच कुन पालिका कुन दलले लिने भन्नेबारे देशैभरि छलफल भइरहेको छ । गठबन्धन हुने भएपछि चुनाव सहजै जितिन्छ भनेर काङ्ग्रेस र नेकपा एसका नेताहरुले धेरैको दावेदारी रहेको छ । गठबन्धनको सबै दललाई सजिलो हुनेगरी मापदण्ड बनाइएको छ । पाँच दलका टिमसंग मापदण्ड बनाउने काम भएको छानेताहरूले त्यही मापदण्डका आधारमा स्थानीय अवस्थाअनुसार चुनावी तालमेल गर्न तल्ला तहलाई निर्देशन गरेका छन् भने केन्द्रबाट ६ महानगरपालिका र ११ वटा उपमहानगरपालिकाको प्रमुख र उपप्रमुख गरी ३४ सिट पाँच दलबीच भागबण्डा गर्ने सहमति छ । तर, त्यसबारे कतिपय दलका स्थानीय कमिटीले विरोध जनाएका छन् ।

गठबन्धनका शीर्ष नेताहरू पार्टीभित्रका आन्तरिक असन्तुष्टिलाई नजर अन्दाज गरेरै भएपनि सम्बन्धित महानगर र उपमहानगरको शक्ति बाँडफाँड गर्ने पक्षमा देखिन्छन् । शक्ति सन्तुलन गर्दा गठबन्धनका ठूला चार दलमध्ये कांग्रेसले तीन, नेकपा माओवादी केन्द्र, जसपा र नेकपा एकीकृत समाजवादीले एक-एक वटा महानगरपालिकाको मेयर पद लिने गठबन्धन कार्यदलको समझदारी बनेको थियो । सोमबारको बैठकमा विराटनगर, वीरगञ्ज, भरतपुर, काठमाडौं र ललितपुरबारे करिब-करिब सहमति भएपनि पोखरा महानगरपालिकाको प्रमुख कांग्रेसले लिने कि एकीकृत समाजवादीले भन्ने विषयमा शीर्ष नेताहरूबीच सहमति जुटेन । त्यही विषयमा लामो सहमतिको प्रयास भएपनि निष्कर्षमा पुग्न सकेको छैन ।

कांग्रेसलाई काठमाडौं, ललितपुर र विराटनगर महानगरपालिकाको प्रमुख दिने कार्यदलको डप्रस्तावमा सहमति जुटेको थियो । त्यस्तै, कांग्रेसले भरतपुरको प्रमुख माओवादी केन्द्रलाई र वीरगञ्जको प्रमुख जसपालाई दिन समेत तयार भयो । तर, पोखरा महानगरपालिकाको प्रमुख कांग्रेसले छोड्न चाहेन भने एकीकृत समाजवादीले पनि आफ्नो दाबी छाडेको छैन । पोखरामा कुरा नमिलेपछि अरु सबैमा भएको सहमति फेरि जुटाउनु पर्ने भएको छ । कांग्रेसका नेता कार्यकर्ता भने पोखरामा एकीकृत समाजवादी निकै कमजोर रहेका कारण नेतृत्व स्वीकार्न नसकिने पक्षमा छन् । गठबन्धनको बैठकमा कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले पोखरा कांग्रेसले लिनुपर्ने अडान लिएका थिए ।

पोखरा कांग्रेसले राख्नुपर्छ भनेको पौडेलको रोजाईको ब्यक्तिलाई उमेदवार बनाउने हो । पोखरामा एमाले विभाजन हुँदा एकीकृत समाजवादीले ठूलो क्षति नगरेको र एकीकृत समाजवादी कमजोर भएका कारण त्यहाँ मेयर समाजवादीलाई दिन नहुने स्थानीय नेता कार्यकर्ताको तर्क छ । बलियो जनमत नभएका कारण एकीकृत समाजवादीलाई मुख्य पदमा उम्मेदवारी दिन नसकिने दाबी गरेका छन । देउवा पक्षले आफ्नो नहुने भएपछि एसलाई दिन तयार छ । पौडेल पक्ष आफ्नोले पाउने संभावना देखेर एसलाई रोक्न खोजेका छन । कांग्रेसको दुई गुटको लडाइँमा एसलाई रोक्न खोज्नु सहमति विपरीत हो । अहिले जवर्जस्ती गरिएको विरोध हात्ती छिर्यो पुच्छर अड्क्यो भने जस्तै हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : आर्थिक समस्या |
| वृष | : झमेला बड्ने | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : मानसिक तनाब |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# जनप्रतिनिधिद्वारा सवारी साधन फिर्ता

**पोखरापत्र संवाददाता**
**दमौली, ५ बैशाख**

तनहुँका जनप्रतिनिधिले सवारी साधनको सुविधा फिर्ता गर्न सुरुआत गरेका छन् । आसन्न स्थानीय तह निर्वाचनलाई मध्यनजर गरी उहाँहरूले आफूले प्रयोग गर्दै आएको सवारी साधन फिर्ता गर्न सुरु गर्नुभएको हो ।

शुक्लागण्डकी नगरपालिकाका प्रमुख किसान गुरुङ, प्रवक्ता खिमबहादुर कुमाल र भीमाद नगरपालिका-९ का वडाध्यक्ष इमानबहादुर थापाले आइतबार सवारी साधन फिर्ता गर्नुभएको हो । उहाँहरू दुवै ती पालिकाको नगरप्रमुखको आकाङ्क्षी हुनुहुन्छ ।

शुक्लागण्डकीका प्रमुख गुरुङले आफूले प्रयोग आएको ग१फ ३२१ नम्बरको स्कोरपियो फिर्ता गर्नुभएको छ । उहाँले प्रमुख प्रशासकीय अधिकृत लिलाबल्लभ न्यौपानेलाई चाबी हस्तान्तरण गर्नुभयो ।

उहाँले पुनः नगरप्रमुखमा दोहोरिनलाई आकाङ्क्षा व्यक्त गर्नुभएको छ । नेपाली कांग्रेस शुक्लागण्डकीले उहाँसहित दश जनाको नाम जिल्ला कार्यसमितिलाई सिफारिस गरेको छ । उहाँले अब नगरप्रमुखको उम्मेदवार नभए पनि सरकारी सवारी प्रयोग नगर्ने बताउनुभयो । निर्वाचन आचारसंहिता सुरु भएलगत्तै सवारी फिर्ता गर्न चाहे पनि कार्यालयको कामको कारण ढिलाइ भएको उहाँले बताउनुभयो ।

निर्वाचन नजिकिएकाले नगरपालिकाको सवारी प्रयोग नगर्ने गरी फिर्ता गरेको भन्दै उहाँले अब मेयरको उम्मेदवार भए पनि नभए पनि सवारीको सुविधा नलिने प्रष्ट पार्नुभयो । यसैगरी भीमाद-९ का वडाध्यक्ष इमानबहादुर थापाले आफूले प्रयोग गर्दै आएको सरकारी मोटरसाइकल फिर्ता गर्नुभएको छ । उहाँले आफूले प्रयोग आएको ग१ब १०६९ नम्बरको मोटरसाइकल प्रमुख प्रशासकीय अधिकृत टेकनाथ दाहाललाई फिर्ता गर्नुभएको हो । निर्वाचनका बेला सरकारी सवारी चढ्न उपयुक्त नहुने भएकाले फिर्ता गरेको उहाँले बताउनुभयो । वडाको कामकाजका लागि पनि अब सरकारी मोटरसाइकल प्रयोग नगर्ने निर्णय गरेर फिर्ता गरेको उहाँले बताउनुभयो ।

यसैगरी शुक्लागण्डकीका प्रवक्ता खिमबहादुर कुमालले आफूले चढ्दै आएको ग१ब ७४६ नम्बरको मोटरसाइकल नगरपालिकालाई फिर्ता गर्नुभएको छ । अब चुनाव केन्द्रित गतिविधिमा लाग्नुपर्ने भएकाले सरकारी सेवा सुविधाको दुरुपयोग गर्न नहुने बताउनुभयो ।

# म्याग्दीमा उम्मेदवार छनोटमा सकस

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ५ बैशाख**

सत्ता साझेदार पाँच दलीय गठबन्धनमा सकस भएपछि दलहरूले जिल्लामा एकल उम्मेदवार छनोट, सिफारिस र घोषणा गर्न थालेका छन् ।

गत चैत २४ गते नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी र राष्ट्रिय जनमोर्चाको पाँच दलीय संयन्त्रले आसन्न स्थानीय तह चुनावमा साझा उम्मेदवार बनाउने सैद्धान्तिक सहमति गरेका थिए । सहमतिपछि दुई पटक बसेको बैठकमा वडा र पालिका बाँडफाँटमा विवाद उत्पन्न भएपछि ती दलहरूले एकल उम्मेदवारी घोषणा गरेका हुन् । कांग्रेसले दुई र माओवादी केन्द्रले एक स्थानीय तहमा एकल उम्मेदवारी घोषणा गरिसकेका छन् । बेनी नगरप्रमुखमा कांग्रेसले चिरञ्जीवी शर्मालाई मेयरको उम्मेदवार बनाउने निर्णय शुक्रबार गरेको थियो । माओवादी केन्द्रले आइतबार नै नगरप्रमुखमा शेरबहादुर केसी र धनलाल जैशी तथा उपमेयरमा ज्योति लामिछाने पौडेललाई उम्मेदवार बनाउन सिफारिस गरेको छ । माओवादीका बेनी नगर इञ्चार्ज विनोद केसीले गठबन्धनभित्र समय घर्किदासम्म पनि सहमति नभएपछि एकल उम्मेदवार छनोट गर्नुपर्ने अवस्था आएको बताउनुभयो । “सहमतिको अन्तिम प्रयत्न अझै पनि छ”, उहाँले भन्नुभयो, “समय घर्किसकेकाले आफ्नै तयारी गर्नुपर्छ भनेर उम्मेदवार घोषणा गरिएको हो ।” कांग्रेसले मालिका गाउँपालिकाको अध्यक्षको उम्मेदवारमा वर्तमान गाउँपालिका अध्यक्ष श्रीप्रसाद रोकालाई दोहोऱ्याउने घोषणा गरेको छ । कांग्रेस म्याग्दीका सचिव हीराबहादुर पुनले कसले कति र कुन पालिका, वडाको नेतृत्वमा उम्मेदवार बनाउने भन्ने विषयमा छलफल अड्किएको बताउनुभयो । कांग्रेसले अघिल्लो चुनावमा आफूले जितेका पालिका आफूसँगै राखेर एमालेले जितेको थप ५० प्रतिशत वडा र पालिका छोडेर बाँडफाँट गर्ने प्रस्ताव गरेका थिए । माओवादी केन्द्रले कम्तीमा दुई स्थानीय तह र १८ वडाध्यक्षमा दाबी गरेका थिए । नेकपा एकीकृत समाजवादी र जसपाले पनि एक/एक पालिकाको नेतृत्व दाबी गरेका थिए । अन्नपूर्ण, रघुगङ्गा, मङ्गला र धौलागिरि गाउँपालिकामा सिफारिस भएका उम्मेदवार छनोट र सार्वजनिक गर्ने चरणमा कांग्रेस छ । माओवादी केन्द्रका नेताहरूले बेनीसँगै अन्य पालिकामा एकल उम्मेदवार सार्वजनिक गर्ने तयारी भएको जनाएको छ ।

गठबन्धनका प्रमुख दलले संवाद अन्त्य र सहमति भङ्ग भएको घोषणा गरिनसकेकाले एकले अर्कालाई गलाउन खोजेको देखिन्छ । पछिल्लो तीन दिनयता छलफल नगरेका उनीहरू केन्द्रको निर्णयको प्रतीक्षामा छन् ।

# एमालेका चार पालिकाको नेतृत्व सर्वसम्मत

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ५ बैशाख**

एमालेले म्याग्दीका चार गाउँपालिकाको अध्यक्ष र दुई पालिकाका उपाध्यक्षका उम्मेदवार सर्वसम्मत छनोट गरेको छ ।

मालिकाको अध्यक्षमा बेगप्रसाद गर्बुजा, मङ्गलाको अध्यक्षमा सतप्रसाद रोका, रघुगङ्गाको अध्यक्षमा प्रेमबहादुर कार्की र अन्नपूर्णको अध्यक्षमा भरत पुनलाई उम्मेदवार बनाउने सर्वसम्मत निर्णय भएको एमाले जिल्ला अध्यक्ष देवेन्द्र केसीले जानकारी दिनुभयो । अन्नपूर्णको उपाध्यक्षमा दिवा पुन र रघुगङ्गाको उपाध्यक्षको उम्मेदवारमा यामकुमारी गर्बुजाको नाम सर्वसम्मत सिफारिस भएको छ । बेनी नगरप्रमुख मेयरको उम्मेदवारमा एमालेबाट प्रमोद श्रेष्ठ, सुरत केसी, सन्तोष रावल र नारायण जिसीको नाम सिफारिस भएको छ । उपमेयरमा पशुपति शाही, गौरी थापामगर, विष्णु गुरुङ र भावना पौडेलको नाम सिफारिस भएको छ । धौलागिरिको अध्यक्षको उम्मेदवारमा वर्तमान अध्यक्ष थमसरा पुन, प्रदेश कमिटी सदस्य रेशम भण्डारी, गाउँपालिका कमिटीका अध्यक्ष होमबहादुर थापा र गाउँपालिका उपाध्यक्ष रेशम छन्त्यालले दाबी गरेका छन् । मङ्गलाको उपाध्यक्षमा वर्तमान उपाध्यक्ष सिर्जना केसी र पेमा अधिकारीले दाबी गरेका छन् ।

# इन्धन खपत २० प्रतिशतले घटाउन निर्देशन

**रासस**
**काठमाडौं, ५ बैशाख**

अर्थ मन्त्रालयले इन्धन शीर्षकमा विभिन्न मन्त्रालय तथा निकाय तथा सार्वजनिक सङ्घसंस्थालाई इन्धनको खपत २० प्रतिशतले कटौती गर्न निर्देशन दिएको छ ।

मन्त्रालयले सोमबार सूचना जारी गर्दै चालु आवका लागि छुट्याइएको इन्धन शीर्षकको बाँकी बजेट २० प्रतिशतले कटौती गर्न निर्देशन दिएको हो । विकास आयोजना, शान्ति सुरक्षा, अत्यावश्यक सेवा र आसन्न स्थानीय तह निर्वाचन प्रयोजनका लागि इन्धन कटौतीको व्यवस्था लागू नहुने मन्त्रालयले प्रष्ट पारेको छ ।

बढ्दो व्यापार घाटा, विप्रेषण आप्रवाहमा कमी र वैदेशिक मुद्राको सञ्चितिमा चाप परेको भन्दै सरकारले गत चैत ३० गते इन्धन शीर्षकमा छुट्याइएको बजेट कटौती गर्ने निर्णय गरेको थियो । विद्युत्को प्रयोगलाई बढवा दिँदै इन्धनको खपत न्यूनीकरण गर्ने उद्देश्यले सरकारले चालु आवको प्रतिस्थापन बजेटमा प्रशासनिक र इन्धन खर्चमा १० प्रतिशतले कटौती गर्ने निर्णय गरेको थियो । छुट्टै ऐनबाट इन्धन सुविधा प्राप्त गर्ने पदाधिकारीको इन्धन सुविधा पनि २० प्रतिशतले कटौती गर्न मन्त्रालयले अनुरोध गरेको छ ।

# पाँच वर्षमा भएका कार्यको प्रगति सार्वजनिक

**पोखरापत्र संवाददाता**
**दमौली, ५ बैशाख**

व्यास नगर प्रमुख वैकुण्ठ न्यौपानेले पाँच वर्षमा भएका कार्यको प्रगति विवरण सार्वजनिक गर्नुभएको छ । उहाँले आइतबार दमौलीमा पत्रकार सम्मेलनको आयोजना गरी आफ्नो कार्यकालमा भएका कामको विवरण सार्वजनिक गर्नुभएको हो ।

संविधानको निर्माणपछि राज्य पुनःसंरचना भई नगरपालिकाको भूगोल बढ्न गई गाउँ र सहरको विविधताबीच नगरपालिकाको विकास प्रक्रिया अगाडि बढाउन चुनौतीपूर्ण रहे पनि सबैको सहयोगमा विभिन्न महत्वपूर्ण कार्य भएको उहाँले दाबी गर्नुभयो । नगरप्रमुख न्यौपानेले विगत निर्वाचनमा गरिएका अधिकांश प्रतिबद्धता पूरा भएको दाबी गर्नुभयो । एकीकृत सहरी विकास योजना निर्माण गरी विविधतायुक्त गाउँ सहर, समृद्ध मेरो व्यास नगर मूल नारा तय भएको, कृषि, पर्यटन र शिक्षालाई अग्रणी क्षेत्रमा राखी कार्य गरिएको नगरप्रमुख न्यौपानेले जानकारी दिनुभयो ।

खानेपानीलाई प्राथमिकतामा राखी देवीडाँडा खानेपानी, कमरेसाँध खानेपानी, क्यामिन छापथोक खानेपानी, केशवटार रुम्सी ठिन नयाँगाउँ खानेपानीलगायतका योजनामार्फत एक घर एक धाराका योजना सञ्चालन, खड्गकाली मार्ग, छाब्दीमार्ग, कालिका मार्ग, केशवटार मार्ग, पराशर मार्ग, माहेन्द्री मार्ग, क्यामिन छापथोक मार्ग, मानुङकोट मार्ग, सिन्धु मार्ग, वडा पहुँच मार्गलगायत विभिन्न वडामा कालोपत्र योजना सम्पन्न भएको विवरणमा उल्लेख गरिएको छ । दमौली विपी वनबाटिकालगायत विभिन्न वडामा खेलमैदान निर्माण, दमौली पार्क, बजारभित्रका अनशन चौतारीलगायतका चोक सुधार, सडक बत्ती व्यवस्थापन, घाट निर्माण गरिएको नगरप्रमुख न्यौपानेले उल्लेख गर्नुभयो ।

स्वास्थ्य क्षेत्रमा वडा नम्बर १, २, ४, ५, ७, १० मा आधारभूत स्वास्थ्य भवन र वडा नम्बर १३ मा सहरी स्वास्थ्य भवन निर्माण, वडा नम्बर ६ र १२ मा नयाँ भवन निर्माणाधीन, पीसीआर परीक्षण प्रयोगशाला सञ्चालन, २५ शय्याको अस्पताल भवन निर्माणाधीन, शिशाघाट बर्लाचीमा नयाँ स्वास्थ्य केन्द्र विस्तारलगायतलाई नगरप्रमुख न्यौपानेले महत्वपूर्ण कामको सूचीमा उल्लेख गर्नुभएको छ । नगरप्रमुख न्यौपानेले केही अधुरा काम गर्न बाँकी रहेको पत्रकार सम्मेलनमा बताउनुभयो । नारेश्वरताल, १०८ फिट व्यासमूर्ति निर्माण, व्यास झुला निर्माण, बहुउद्देश्यीय भवन, भादगाउँ खानेपानी, कमेरेसाँध खानेपानी, देवीडाँडा खानेपानी, शीतभण्डार, विपी वनबाटिका खेलमैदान, मानुङकोट, गलेखामकोट, तनहुँसुर, पुलिमराङलगायतका पर्यटकीय क्षेत्रको विकास योजना लागत साझेदारीमा अगाडि बढाउने काम बाँकी रहेको उहाँले उल्लेख गर्नुभयो । नगरप्रमुख न्यौपानेले अधुरा रहेका योजना पूरा गर्न पुनः नगरप्रमुख बन्ने इच्छा व्यक्त गर्नुभएको छ । अधुरा रहेका योजना पूरा गर्न, आफ्नो अनुभव र क्षमताको प्रयोग गर्न पुनः नगरप्रमुखको इच्छा व्यक्त गर्नुभएको हो । पाँच वर्षको अवधिमा नगरवासीको शिर निहुऱ्याउने कुनै काम नगरेको भन्दै उहाँले भन्नुभयो, “हाम्रो कामको मूल्याङ्कन र समीक्षा गर्ने दायित्व नगरवासी, राजनीतिक दल, नेपाली कांग्रेसका नेतृत्व गणमा छ ।” “नयाँ आउने मान्छेलाई बुझ्नै समय लाग्छ, हामीले धेरै अनुभव प्राप्त गरिसकेका छौं, त्यही अनुभवलाई फेरि प्रयोग गर्ने चाहना हो,” उहाँले भन्नुभयो । उहाँले पार्टीले टिकट नदिएको खण्डमा पनि पार्टीलाई विजयी गराउन भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले निष्ठापूर्वक १८ घण्टा काम गरेकाले जनताले मूल्याङ्कन गर्नेमा विश्वस्त रहेको बताउनुभयो ।

# बालबालिकालाई भिटामिन ‘ए’ र जुकाको औषधि खुवाइने

**रासस**
**काठमाडौं, ५ बैशाख**

सरकारले यही वैशाख ६ र ७ गते बालबालिकालाई भिटामिन ‘ए’ र जुकाको औषधि खुवाउने भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले राष्ट्रिय भिटामिन कार्यक्रमअन्तर्गत ६ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई भिटामिन ‘ए’ तथा १२ महिनादेखि ५९ महिनासम्मका बालबालिकाकालाई जुकाको औषधि खुवाउने तयारी गरेको छ । भिटामिन ‘ए’ क्याप्सुल २७ लाख बालबालिका तथा जुकाको औषधि २४ लाख बालबालिकालाई खुवाइने परिवार कल्याण महाशाखा, पोषण शाखा प्रमुख लिलाविक्रम थापाले जानकारी दिनुभयो । भिटामिन ‘ए’ क्याप्सुल सन् १९९३ देखि र भिटामिन ‘ए’सँगै जुकाको औषधि सन् २००१ देखि खुवाउन थालिएको हो । उहाँका अनुसार भिटामिन ‘ए’ कार्यक्रमका लागि ५२ हजार स्वास्थ्य स्वयंसेविका र १५ हजार स्वास्थ्यकर्मी परिचालन गरिने छ । उक्त कार्यक्रमका लागि रु ६ करोड ७२ लाख बजेट बिनियोजन गरिएको उहाँले बताउनुभयो । वर्षमा दुई पटक पहिलो चरणमा कात्तिक २ र ३ गते तथा दोस्रो चरणमा वैशाख ६ र ७ गते बालबालिकालाई भिटामिन ‘ए’ र जुकाको औषधि खुवाउने गरिन्छ । मन्त्रालयले नजिकैको वितरण केन्द्रमा गई भिटामिन ‘ए’ र जुकाको औषधि खुवाउन अभिभावकलाई आग्रह गरेको छ ।


## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

**मिति २०७८ साल फागुन महिनाको २५ गतेका दिन स्याङ्जाको आँधीखोला गाउँपालिकाको कृषिबाट स्याङ्जा बजार आउने क्र(ममा मेरो उल्लेखित कक्षा १२ को माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तपसिलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।**

**नाम : प्रकाश बिक्रम कुँवर**
**ठेगाना : थापाथाना–६ पर्वत**
**सिम्बोल नं. ३०२०६३**
**रजिष्टेशन नं. ६२३९१७१०८**
**सम्पर्क नं. ९८५६०५०३४७**

